नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२ चलानी नं.:- ३५

मितिः-२०८१/०४/३०

ने.सं.११४४ गुँलाथ्व ०९

विषयः- उद्यमशीलता तथा वित्तीय साक्षरता (GYB/SYB) तालिमका लागि प्रस्ताव पेश गर्ने सम्वन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

युवा तथ खेलकुद मन्त्रालय अन्तर्गत राष्ट्रिय युवा परिषद्को च.नं. ७६, मिति २०८१/०४/२८ को उद्यमशीलता तथा वित्तीय साक्षरता (GYB/SYB) तालिमका लागि प्रस्ताव पेश गर्ने सम्वन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ सलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थ:

श्री राष्ट्रिय युवा परिषद, सानोठिमी, भक्तपुर।

श्री सूचना तथा प्रविधि शाखा:-Website मा Upload गरिदिनुहुन।

रामग्राम नगरपालिका, परासी

दर्ता नं. ७७६

मिति: ०८१/०५/०१

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल

(..........................................शाखा)

संघीय मामिला.

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

प.स.: ०८१/८२
च.नं.: ६६

दर्ता नं.:- २०० मिति २०८१।०४।२८
४२५
दर्ता मिति:-

श्री सबै महानगर/उपमहानगर/नगर तथा गाँउपालिकाहरु ।

मार्फत: श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।

**विषय: उद्यमशीलता तथा वित्तीय साक्षरता (GYB/SYB) तालिमका लागी प्रस्ताव पेश गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्ले विगत वर्षहरुदेखि १६ देखि ४० वर्षका युवाहरुलाई लक्षित गरी सहुलियतपूर्ण कर्जा सहजीकरणका लागि उद्यमशीलता तथा वित्तीय साक्षरताको आधारभूत तालिम सञ्चालन गर्दै आइरहेको छ। राष्ट्रिय युवा परिषद्ले विगत वर्षहरुदेखि सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्वन्धी एकीकृत कार्यविधि, २०७५ बमोजिम लक्षित वर्गमा कर्जा प्रवाह गर्ने प्रयोजनले उक्त कार्यविधिको प्रभावकारी कार्यान्वियन तथा कार्यक्रमको प्रभावकारीताको लागि स्थानीय तह र कुनै सम्वन्धित वाणिज्य बैंकहरुबीच त्रिपक्षीय सम्झौता गरी सहकार्य पनि गर्दै आएको छ। यसै सन्दर्भमा नेपाली युवाको समग्र विकासका लागि रोजगारी, उद्यमशिलता र सिप विकासमा जोड दिदैं नेपाली युवालाई उद्यमशील, स्वरोजगार र आत्मनिर्भर बनाउँदै सवल अर्थतन्त्रको विकासका माध्यमबाट समृद्ध नेपाल निर्माणमा युवाहरुलाई सहभागि गराउन यस परिषद्को आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत एक समुहमा ३० देखी ३५ जना रहनेगरी करिव एक हजार जना व्यवसाय गरिरहेका तथा गर्न इच्छुक युवाहरुलाइ ILO तालिम प्याकेज अनुरुप ७ दिने उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम दिने लक्ष्य रहेकाले तालिम सञ्चालन गर्न इच्छुक स्थानीय तहहरुले यही मिति २०८१ भाद्र ३१ गतेभित्र राष्ट्रिय युवा परिषदमा वा इमेल मार्फत nycgybsyb@gmail.com/info@nyc.gov.np मा प्रस्ताव पठाउनुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

दिनेश घिमिरे

प्रशासकीय प्रमुख

**नोट:** स्थानीय तहले उपयुक्त हल तथा तालिम अवधिभर २ जना प्रशिक्षकको खाना तथा आवासको व्यवस्थापन अनिवार्य रुपमा गर्नुपर्नेछ भने अन्य तालिम खर्च व्यवस्थापन सम्बन्धमा पछी प्रस्ताव स्वीकृत भएपश्चात सम्झौता हुन अगावै परिषद र स्थानीय तहको आपसि सहमतिमा टुङ्ग्याईनेछ ।